महाराजगंज नगरपालिका नगर प्रमुख श्री अब्दुल कलामज्यूद्वारा १९औं नगर सभामा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को

# नीति तथा कार्यक्रम

महाराजगंज नगरपालिका
कपिलवस्तु
२०८३।०३।०९

**नगर उपप्रमुख ज्यू,**
**नगर सभा सचिवज्यू,**
**नगरसभा सदस्य ज्युहरु,**
**राष्ट्रसेवक कर्मचारीहरु**

नेपाल संबिधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम नगर सभा बैठकमा नगर प्रमुखको हैसियतले १९ औं नगरसभामा आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा आफुलाई गौरावन्वीत महसुस गर्दछु।

यस अवसरमा लोकतन्त्र प्राप्ति र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन ब्यवस्था स्थापनाको लागि बिभिन्न कालखण्डमा भएका जनयुद्ध, जनआन्दोलन, मधेश आन्दोलन, नवयूवा जेन्जी आन्दोलन र राजनीतिक क्रान्ति एवं सघर्षलाई म स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमुल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्राद्धाञ्जली ब्यक्त गर्दछु ।यसै अवसरमा यस नगरपालिकको विकास निर्माणमा महत्वपुर्ण योगदान गर्नुहुने पुर्व नगर उप प्रमुख श्री शुभावती कुर्मी, पुर्व महिला सदस्य मन्जु कुर्मी, पुर्व वडा सदस्य कल्लु अहिर, वडा सदस्य बिरबल अहिर र वडा सदस्य पटेश्वरी प्रसाद कुर्मिलाई स्मरण गर्दै चिरशान्तीको कामना गर्दछु ।

**उपस्थित नगर सभाका सदस्यज्यूहरू ।**

राज्यको पूर्नसंरचनासंगै संघीय, प्रदेश र स्थानीय सरकार गरी तीन तहका सरकारको हक अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् ।संविधानले तोकेका एकल तथा साझा अधिकारको क्षेत्र भित्र रही संघीय सरकार र प्रदेश सरकारले दिइएको नीति नियमको परिधिभित्र रही आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम तयार गरिएको छ ।

**म अब नगरपालिकाको दीर्घकालीन विकास र समृद्धिको लक्ष्य प्राप्तिका लागि गरिएका महत्वपूर्ण प्रयास, अवसर र चुनौतीहरू प्रस्तुत गर्न चाहन्छु ।**

महाराजगंज नगरपालिकाको अन्तिम गन्तव्य नगरवासी नागरिकहरूको **सुख र समृद्धि** हासिल गर्नका लागि उपलब्ध सीमित स्रोत साधनको अत्यन्तै विवेकपूर्ण प्राथमिकीकरण, विनियोजन र कार्यान्वयनमा जोड दिइदै आइएको छ।नगरपालिकाको न्यून आन्तरिक आयका कारण ठूला पूर्वाधारजन्य योजनाहरूको निर्माणमा संघ तथा प्रदेश सरकारसँग निर्भर रहनुपर्ने वाध्यात्मक परिस्थितिकाविच नगरपालिकाले साझेदारी कार्यक्रमलाई प्राथमिकता दिई कार्यान्वयनमा ल्याई रहेकोछ ।

नगरपालिकाको तत्कालीन र दीर्घकालीन योजनाहरूबीच सम्बन्ध कायम गर्नका लागि नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना, वार्षिक योजना र मध्यकालीन खर्च संरचनाबीच अन्तरसम्बन्ध स्थापित गर्ने प्रयास गरिएको छ ।आगामी वर्ष आवधिक नगर विकास योजनाको समिक्षा गरि दोस्रो पञ्च वर्षिय आवधिक योजना निर्माण गरिनेछ ।

तीन तहका सरकारबीच सहकारिता, सहअस्तित्व र समन्वय कायम गर्नुपर्ने संवैधानिक व्यवस्था अनुरूप संघ र प्रदेश सरकारका वार्षिक नीति तथा कार्यक्रम, आवधिक योजनाहरूसँग नगरपालिकाको नीति कार्यक्रम र बजेटबीच तादात्म्यता कायम गरिएको छ।

आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा लिईएका प्रमुख आधारहरू प्रस्तुत गर्न चाहन्छुः

१. नेपालको संविधान, २०७२

२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

३. राष्ट्रिय योजना आयोगको मार्गदर्शन,

४. नेपाल सरकारको सोह्रौं योजनाले परिलक्षित गरेका अवधारणाहरू,

५. स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४ (परिमार्जित)

६. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४

७. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

८. दीगो विकासको लक्ष्य,

९. संघ तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन,

१०. महाराजगंज नगरपालिकाको प्रथम आवधिक नगर विकास योजना,

११. राजनैतिक दलहरू तथा नागरिक समाजबाट प्राप्त सुझावहरू ।

**चुनौतीहरूः**

नगरपालिकाले उपलब्ध स्रोत साधन तथा कार्यरत मानव संसाधनबाट अपेक्षित नतिजा हासिलका लागि प्रयासरत रहेता पनि देहाय बमोजिमका चुनौतीहरु विद्यमान रहेका छन्

क) भौगोलिक हिसाबले धेरै क्षेत्रफल ओगटेको हुँदा विकास कार्यको बढ्दो लागतबीच सन्तुलन कायम गर्नु,

ख) उच्च उत्पादन र उत्पादकत्व प्राप्तीलाई आवश्यक प्राविधिक सिप र ज्ञान भएको मानव संशाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई वैज्ञानिक र प्रभावकारी बनाउनु,

ग) स्थानीय बासिन्दाहरूको अनुदानमुखी र उपभोगवादी प्रवृत्तिलाई निरुत्साहित गर्नु,

घ) एकमुष्ट बजेट अभावका कारण हुने पटके विकास कार्य र लगानीको न्यून प्रतिफलको प्रतिकूल अवस्था,

ङ) परम्परागत कृषि पेशालाई व्यवसायिककरण गर्नु,

च) नगरपालिकाको आन्तरिक आम्दानी न्यून हुनु ,

छ) संघ तथा प्रदेश सरकारबाट प्राप्त हुनुपर्ने बजेटमा संशोधन तथा कटौती भई निर्धारित लक्ष्य प्राप्तिमा प्रभाव पर्नु,

ज) नगरपालिकाले प्राथमिकता निर्धारण गरी माग गरेका भन्दा फरक योजना तथा कार्यक्रमहरू प्राप्त हुनु ।

**नगर सभाका सदस्यज्यूहरू,**

**अब म आ.व. २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुतिकरण गर्न चाहन्छु ।**

## सामाजिक विकास, सुशासन र वन तथा वातावरण

१. विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा दिगो विकासको लक्ष्य हासिलका लागि विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गर्न सामुदायिक तथा संस्थागत विद्यालयका असल अभ्यासको आदान प्रदान गर्न सहजीकरण तथा प्रोत्साहन गरिनेछ ।

२. शैक्षिक सुधारका लागि शिक्षण सिकाइ समय कार्यान्वयन कार्यविधी- २०७४ लाई पूर्णत कार्यान्वयन गराई शिक्षक तथा विद्यार्थी विद्यालय समय भित्र रहने वातावरण सिर्जना गरी अनुगमन र निरीक्षणलाई नियमित र प्रभावकारी बनाइनेछ । प्रत्येक सामुदायिक विद्यालयमा ई-हाजिरी प्रणाली लागु गरि सूचना प्रविधिको माध्यमबाट शिक्षकहरुको उपस्थिती र शैक्षिक वातावरण विवरणको बारेमा कार्यालयबाटै दृश्यावलोकन तथा नियमन गरिनेछ ।

३. गुणस्तरीय प्रारम्भिक बालविकास तहमा समतामूलक पहुँच स्थापित गर्न प्रारम्भिक बालशिक्षा कार्यक्रमलाई सुदृढिकरण गर्दै लगिनेछ । प्रारम्भिक बालविकास शिक्षक/सहजकर्ता तथा विद्यालय कर्मचारीहरूको मनोबललाई उच्च राख्न विगतदेखि प्रदान गरिदै आएको थप पारिश्रमिक अनुदानलाई निरन्तरता दिइनेछ ।नगर भित्र कम्तिमा एकवटा बालविकास केन्द्रलाइ नमूनाको रुपमा विकास गरिनेछ ।

४. शैक्षिक गतिविधिमा सुधार एवम् गुणस्तरीयता कायम गर्न सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुसँग नतिजा सूचकका आधारमा कार्यसम्पादन सम्झौता गरिनेछ । प्रधानाकध्यापकले आफु मातहतका प्रत्येक शिक्षकसँग कार्यसम्पादन सम्झौता गरी कार्यसम्पादन सम्झौतालाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरिनेछ ।यस वर्षको SEE परिक्षाको नतिजा निराशाजनक रहेको हुनाले माध्यमिक विद्यालयहरुमा डिजिटल मनिटरिगंको माध्यमबाट अनुगमन गरिने, कमजोर विषयहरुमा अतिरिक्त कक्षाहरु संचालन गरिने साथै उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक र विद्यालयलाई पुरस्कृत गरिनेछ ।

५. शिक्षण सिकाइमा AI सहितको सूचना प्रविधिको प्रयोगलाई बढावा दिइ नवप्रवर्तनलाई अंगिकार गर्न शिक्षकहरूलाई सूचना प्रविधि तथा नवप्रवर्धनसँग सम्बन्धित क्षमता विकास तथा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोगलाई निरन्तरता दिइनेछ साथै विद्यार्थिहरुलाइ डिजिटल साक्षरता सम्बन्धमा अनुशिक्षण प्रदान गरिनेछ ।

६. १५ देखि ६० वर्ष उमेर समूहको ९६.१५ प्रतिशत जनसंख्या साक्षर रहेको यस नगरपालिकालाई साक्षर नगरबाट पूर्ण साक्षर नगर घोषणाका लागि आवश्यक निरन्तर तथा वैकल्पिक शिक्षाका कार्यक्रमहरु निरन्तर रुपमा सञ्चालन गरिनेछ ।

७. सामुदायिक विद्यालयका छात्राहरुलाई गुणस्तरिय सेनिटरी प्याडको निशुल्क पहुँच र उपलब्धताको व्यवस्था गर्नुका साथै विद्यालयहरुमा जकंफूड निषेध गरि दिवा खाजा कार्यक्रमलाई स्थानीय उत्पादनको प्रयोगमा जोड दिई थप प्रभावकारी बनाइनेछ ।

८. राष्ट्रिय रोजगार प्रवर्धन कार्यक्रम अन्तर्गत स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिहरुलाई सार्वजनिक निर्माण तथा मर्मत संभार आयोजनाका काममा सहभागी गराई न्युनतम रोजगारी प्रदान गरिनेछ |

९. विद्यमान् रोजगार सेवा केन्द्रलाई "रोजगार,सिप तथा उद्दमशिलता केन्द्रको रुपमा स्थापना गरी रोजगार सिप तथा उद्यमशिलता सेवा प्रवाह कार्यविधि- २०८३ ले अवलम्बन गरेको कार्यक्षेत्र, कार्यक्रम र लक्षित बर्गलाई एकीकृत सेवा प्रवाहमा जोड दिईनेछ |

१०. महाराजगंज नगरपालिकाको सहयोगमा बैदेशिक रोजगारीमा रहेका वा फर्केका व्यक्तिहरुको ज्ञानसिप, अनुभव र पुंजीलाई एकीकृत रुपमा संकलन गरी प्रोफाइल तयार गरिनेछ |

११. बैदेशिक रोजगारीबाट फर्केका वा अन्य परिवारका सदस्यहरु हिंसा परि मनोसामाजिक समस्या भएका लाई आवश्यकता बमोजिम मनोसामाजिक परामर्श सेवा तथा सुचना प्रवाह एकीकृतरुपमा संचालन गरिनेछ ।

१२. युवालाई आर्थिक र सामाजिक रुपान्तरणका प्रमुख बाहकका रुपमा परिचालन गरिनेछ ।नगर युवा सञ्जाल तथा वडा युवा क्लबमा आबद्ध युवाको नेतृत्व विकास र क्षमता वृद्धी का पक्षमा जोड दिइनुका साथै विभिन्न विधामा युवा प्रतिभा प्रर्दशनका प्रतियोगिता आयोजना गरी अवसर प्रदान गरिनेछ ।

१३. डिजिटल सेवा विस्तारको लागि कर्मचारीहरुको लागि ICT तथा AI सम्बन्धी क्षमता विकास कार्यक्रमहरु संचालन गरिनेछ साथै नागरिक सहजीकरणको लागि नागरिक सेवा केन्द्र र अनलाईन गुनासो सुनुवाईको सिस्टमको स्थापना गरिने तर्फ बिशेष जोड दिईनेछ ।

१४. **“हाम्रो नगर सुरक्षित बनाऔं”** को नारा सहित बाढी, आगलागी लगायतका विपद् जोखिमयुक्त बस्तीहरू संरक्षण गर्न, खोला कटान नियन्त्रणका लागि आवश्यक व्यवस्थापन गरिनुका अतिरिक्त नगरपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन र विपद व्यवस्थापनका सबै चरणका पूर्वतयारी सम्बन्धी व्यवस्था मिलाइने छ साथै विपद्को समयमा उद्धार, राहत वितरण र पुनर्स्थापनका लागि एकद्वार प्रणालीको अवलम्बन गरिने छ ।

१५. उन्नत र सुधारिएको चुल्होको प्रयोग, प्राङ्गरिक खेती, कुहिने फोहरबाट कम्पोष्ट मल, सडक किनारामा वृक्षारोपण, खेर गएको पानीको प्रयोग, दैनिक जीवनमा ऊर्जा र शुद्ध खानेपानीको प्रयोग विषयहरूलाई प्रोत्साहन गर्दै नवीकरणीय ऊर्जा (सौर्य) को प्रयोगलाई समेत प्राथमिकतामा राखिनेछ ।

१६. सार्वजनिक सेवा प्रवाहको समय र प्रक्रिया, नियमानुसार लाग्ने दस्तुर, गुनासो सुन्ने अधिकारी लगायतको जानकारी सहित नगरपालिका अन्तर्गतका सबै निकायहरूमा नागरिक बडापत्रको थप प्रभावकारी व्यवस्था गरिनेछ ।

१७. **"सेवाग्राहीको सुझाव, सेवा प्रवाहमा सुधार"** भन्ने नाराका साथ हाम्रो सेवा प्रवाह सम्बन्धमा सेवाग्राहीहरूको पृष्ठपोषण लिनका नगर कार्यपालिकाको कार्यालयमा **सेवाग्राही सन्तुष्टि पेटिका**को व्यवस्था गरिनेछ ।

१८. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षकको कार्यालय लगायतका संवैधानिक निकायहरूबाट वार्षिक रूपमा उल्लेख गरिएका सुझाव तथा निर्देशनहरूको पालना गरी सुशासन वृद्धि र भ्रष्टाचार न्यूनीकरणको नीति अवलम्बन गरिने छ ।

१९. नगरपालिकाबाट कार्यान्वयन हुने योजना, कार्यक्रममा वित्तीय जोखिम न्यूनीकरणका लागि निर्माण र खरिद प्रक्रियालाई बढी पारदर्शी र प्रतिस्पर्धात्मक बनाउन वार्षिक खरिद योजना बनाई ई विडिगं (E-Bidding) लाई प्रभावकारी रूपमा कार्यान्वयन गरिने छ ।

२०. सेवा प्रवाहमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, महिला तथा बालबालिकाहरूलाई प्राथमिकता दिइनेछ।

२१. नगरपालिकाबाट सम्पादन हुने कार्यहरूलाई नियमानुसार सार्वजनिक गर्दै सार्वजनिक सुनुवाइलाई थप प्रभावकारी बनाउँदै **"भ्रष्टाचारमुक्त सुशासनयुक्त स्थानीय तह"** का रूपमा स्थापित" हुन निरन्तर कदम चालिनेछ।

२२. कर्मचारीहरूमा सेवा प्रवाह सम्बन्धी चुस्तता ल्याउन र थप सेवाग्राहीमैत्री सेवा प्रवाह गर्न क्षमता विकास र विभिन्न तालिमको व्यवस्था गरिनेछ साथै अतिरिक्त जिम्मेवारी वहन गर्ने अतिरिक्त समय सेवा दिने कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ ।

२३. नगरपालिकाभित्र सुरक्षा संवेदनशील क्षेत्रहरूमा सिसि क्यामेराहरूको जडान गरिनेछ ।

२४. अपाङ्ग र बालवालिका लक्षित कार्यक्रमहरु सम्वन्धित लक्षित समुदायको परामर्शमा तय गरिनेछ र जेष्ठ नागरीक परिपचपत्र , लगाएतको सेवाहरुको बस्तिस्तरमा घुम्ती शिविर संचालन गर्ने व्यवस्था मिलाईनेछ ।

२५. बाल संरक्षण गृह, सुधार केन्द्र लगायतका सस्था स्थापना गरि सञ्चालन गर्न चाहाने संघ सस्थालाई प्रोत्साहन गरिनेछ ।

२६. सबै किसिमका सामाजिक विभेद (जातिय, लैङ्गिक, धार्मिक, भाषिक, सास्कृतिक) लाई निषेध एबं निरुत्साहित गरी लैङ्गिक तथा घरेलू हिंसा,यौन शोषण लगाएत जोखिममा परेका बालवालिका, अपाङ्गता, यौनिक अल्पसंख्यकहरुलाई दृष्टिगत गरि अवसर र हित प्रवर्धनसम्वन्धी विशेष कार्यक्रम संचालन गरि सशक्तिकरणका माध्यमबाट मूल प्रवाहमा ल्याईनेछ ।

२७. नगरवासीलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सुनिश्चित गर्न खोप, सुरक्षित मातृत्व, नवजात तथा बाल स्वास्थ्य, पोषण, परिवार नियोजन, क्षयरोग, कुष्ठरोग, HIV/AIDS, नसर्ने रोग तथा उपचारात्मक सेवाका लागि आवश्यक औषधि, उपकरण तथा स्वास्थ्य सामग्रीको पर्याप्त व्यवस्था गरिनेछ।

२८. नगर अस्पताललाई सुदृढीकरण गर्दै आवश्यक जनशक्ति, प्रयोगशाला सेवा, फार्मेसी सेवा, एक्स-रे तथा आधारभूत आकस्मिक सेवा विस्तार गरी नगरको पहिलो रोजाइको स्वास्थ्य संस्था बनाइनेछ।

२९. पूर्ण खोप सुनिश्चितता तथा दिगोपनालाई निरन्तरता दिँदै पूर्ण संस्थागत प्रसूति, पोषणमैत्री स्थानीय तह, किशोर–किशोरी मैत्री स्वास्थ्य सेवा तथा क्षयरोगमुक्त नगरपालिका अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

३०. गर्भवती महिलाले कम्तीमा ८ पटक गर्भजाँच तथा ४ पटक प्रसूति पश्चात् जाँच प्राप्त गर्न सकून् भन्ने उद्देश्यले समुदायस्तरमा खोज तथा अनुगमन कार्यक्रम सञ्चालन गरिनेछ।

३१. मातृ तथा शिशु मृत्युदर न्यूनीकरण गर्न उच्च जोखिम गर्भावस्था पहिचान, समयमै प्रेषण तथा निशुल्क एम्बुलेन्स सेवाको व्यवस्थालाई थप प्रभावकारी बनाइनेछ।

३२. आखाँ सम्बन्धि समस्याहरुलाइ समयमा पहिचान गरी उपचार तथा रोकथामका लागि नगर स्तरीय/वडा स्तरीय आखाँ शिविर संचालन गरी मोतियाबिन्दुको निःशुल्क अप्रेसन गरिनेछ र अप्रेसन गरेका बिरामीलाई निःशुल्क चस्मा समेत वितरण गरिने छ ।

## पुर्वाधार विकास

३३. **"मजबुत सुरक्षित पूर्वाधार, दिगो विकासको आधार"** को मान्यता सहित नगरपालिका भित्रका सबै संरचनाहरूको गुणस्तर, दिगोपना र मजबुतीमा विशेष जोड दिदैं ठूला र दीर्घकालीन महत्वका पूर्वाधारजन्य योजना, निर्माण कार्य तथा संरचनाहरूको गुणस्तर परीक्षण (ल्याब टेस्ट) गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

३४. **"नगरको समृद्धिको आधार, व्यवस्थित कृषि पूर्वाधार"** भन्ने नारालाई आत्मसाथ गरी कृषि पूर्वाधार निर्माण तथा बिस्तार गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३५. नगर यातायात गुरुयोजनाले तोकेको मापदण्ड र प्राथमिकताको आधारमा स्तरोन्नति भएका कच्ची सडकहरुलाई क्रमशः कालोपत्रे गर्ने र सो बाहेकका मुख्य मुख्य सडकहरु र गाउँभित्रका परम्परागत सडकहरुको स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३६. संघीय, प्रदेश र महराजगंज नगरपालिकाको सहकार्यमा नगरपालिकाभित्रका नदीहरुमा तटबन्ध निर्माण गरी जनधनको क्षति हुन नदिन नदी नियन्त्रण सम्बन्धी कामलाई अघि बढाईनेछ ।

३७. नगरपालिका क्षेत्रभित्र निर्माण गरिने सम्पूर्ण सरकारी तथा सार्वजनिक भवनहरु भवन निर्माण संहिताको आधारमा रही बालमैत्री, अपाङ्गमैत्री, भूकम्प प्रतिरोधात्मक, वातावरण तथा सरसफाईमैत्री र अग्नी सुरक्षित बनाइनेछ ।

३८. घर नक्सा पासको प्रक्रियालाई सरल र सहज बनाई प्रभावकारी व्यवस्थापनमा जोड दिई विशेष अभियानको रुपमा सञ्चालन गरिनेछ।

३९. वडास्तरीय र नगरस्तरीय छप्पर मुक्त कार्यक्रम संचालनको लागि निर्माण गरिएको मापदण्ड भित्र रही छप्परमुक्त कार्यक्रमलाई निरन्तरता दिईनेछ र किचड (हिलो) मुक्त बनाउने अभियान अन्तर्गत अधुरा योजनाहरुलाई निरन्तरता दिइनेछ।

४०. विगतका वर्षहरूमा निर्माण सम्पन्न भइसकेका योजनाहरूको नियमित मर्मत सम्भार र सञ्चालनका लागि स्थानीय सरोकारवालाहरूलाई जिम्मेवार बनाउने नीति लिईनेछ साथै तुरुन्तै मर्मत सम्भार गरी थप क्षति हुन नदिनका लागि मर्मत सम्भार कोषको परिचालनलाई थप व्यवस्थित बनाइनेछ ।

४१. विकास निर्माण लगायतका कार्यक्रमलाई समयमा नै सम्पन्न गरी अर्को आ.व. मा व्ययभार सर्न जाने प्रकृयाको अन्त्य गर्न तथा विकास निर्माणमा अनुशासनलाई अनिवार्य पालना गर्नका लागि विगत वर्षको दायित्व आगामी वर्षमा नसार्ने प्रवृत्तिलाई निरुत्साहित गरिनेछ।

४२. स्वच्छ खानेपानीमा आम नागरिकको पहुँचलाई सुनिश्चित गर्न शुद्ध खानेपानी व्यवस्थापन, शुद्धीकरणमा उपभोक्तालाई नै जिम्मेवार बनाइ **<u>"एक घर एक स्वच्छ धारा"</u>** नीति लाई निरन्तरता दिइनेछ ।

४३. फोहोरमैला व्यवस्थापनको लागि डम्पिङ साइटको अध्ययन गरि व्यवस्थित गरिनेछ। साथै फोहोरमैला व्यवस्थापनलाई संस्कारकै रूपमा स्थापित गर्न कार्यालय, स्वास्थ्य चौकी र विद्यालय तहबाट नै अभियानको रुपमा थालनी गरिनेछ।

## <u>आर्थिक विकास</u>

४४। दलित भूमिहिन, सुकुम्वासी, अव्यवस्थित वसोवासीहरुको तथ्याकं प्रमाणित गरि नेपाल सरकारको नीति अनुरुप उचित व्यवस्थापन गरिनेछ साथै गरिव घर परिवार पहिचानको कार्यलाई निरन्तरता दिइनेछ ।

४५। कृषियोग्य जमिनमा बस्ती विकास र सशहरीकरणलाई निरुत्साहित गरी व्यवसायिक कृषिमार्फत उत्पादन र उत्पादकत्वमा अभिबृद्धी गरिनेछ ।

४६। कृषक र पशुपालक किसानलाई अपनत्व बोध गराउन नगरपालिकाबाट प्रदान गरिने अनुदानलाई लागत सहभागिताको आधारमा वितरण गरिने व्यवस्था मिलाईनेछ ।

४७। कृषियोग्य जमिनमा सिचाईको पहुँच पुर्याउन साना सिँचाई ,स्यालो ट्युवेल,सतही सिचाई, ताल पोखरी मर्मत तथा आई. ई. ई. गरी सार्वजनिक जग्गामा पोखरी निर्माण गर्ने र माटो विक्रि तथा पोखरीको विस्तार गरिदै लगिनेछ ।

४८। नगरपालिकाको विशिष्ठ उत्पादनको रुपमा मम्फली (बदाम) खेति गर्ने कृषकहरुको पहिचान गरि उत्पादकत्व बृद्धी गर्ने योजना ल्याईने छ साथै सामुहिक रुपमा बदामको ग्रेडिगं, प्याकेजिगं, ब्रान्डीगं गरि बजार सम्म पहुच विस्तार गर्ने नीति लिईनेछ ।

४९। किसान सूचिकरण कार्यक्रमलाई निरन्तरता दिई कृषकहरुको तथ्याङ्क अध्यावधिक गर्ने कार्यलाई प्राथमिकताको साथ अगाडी बढाईनेछ ।

५०। कृषि संकलन केन्द्र तथा कृषि थोक बजार निर्माण गर्न जोड दिइनेछ ।

५१। बढ्दो विषादी तथा राशायनिक मल बाट मानव तथा पर्यावरणमा परेको नकारात्मक असर न्युनिकरण गर्न बिषाधी सचेतनाका कार्यक्रम संचालन गर्ने तथा प्राङ्गारिक मलको उत्पादन तथा गड्यौला मल उत्पादनमा प्राथमिकता दिईनेछ ।

५२। पशुपक्षी व्यवसायमा आत्मनिर्भर बनाउनको लागी नश्ल सुधार,बाझोपना निवारण, घुम्ती शिविर , पशुपक्षी उपचार कार्यक्रम ,निशुल्क खोप तथा आकस्मिक रोग नियन्त्रणमा प्राथमिकता दिईनेछ ।

५३। परम्परागत तथा रैथाने बालीहरुको प्रवर्द्धनमा जोड दिईनेछ।

५४। नगरपालिकाभित्र स्थापना भई सञ्चालनमा रहेका सहकारी संस्थाहरुलाई न्यूनतम सदस्य संङ्ख्या र पूजीको सीमा तोकी समान प्रकृति र उदेश्य भएका सहकारीहरुलाई एकीकरण तथा अनुगमन र नियमन गरिनेछ ।

अन्त्यमा यस नगरपालिकाले अवलम्बन गरेको "समृद्ध नगर खुसी नगरवासी" नगरपालिकाको दीर्घकालीन सोच प्रासिका लागि समर्पित सम्पूर्ण जनप्रतिनिधीहरू, पूर्व जनप्रतिनिधिहरू, राजनैतिक दलहरू, कर्मचारीहरू, नागरिक समाज, संघसंस्थाहरू, पत्रकारहरू, सुरक्षाकर्मी लगायत सबैमा हार्दिक आभार प्रकट गर्न चाहन्छु र आगामी दिनहरूमा समेत सोही प्रकारको सहयोगको अपेक्षा गर्दछु।साथै वार्षिक नीति तथा कार्यक्रम तर्जुमाका क्रममा विभिन्न तहबाट अमूल्य सुझाव प्रदान गर्नुहुने सम्पूर्ण नगरवासी आमा, बुवा, दाजुभाइ तथा दिदी बहिनीहरू लगायत सबैलाई हार्दिक कृतज्ञता सहित धन्यवाद व्यक्त गर्दछु। **"समृद्ध नगर सुखी नगरवासी"** को दीर्घकालीन लक्ष्यमा पुग्न नगरपालिकाले अवलम्बन गरेको वार्षिक नीति तथा कार्यक्रमको पूर्ण कार्यान्वयनका लागि सबै जनप्रतिनिधि, कर्मचारी, शिक्षक, समाजसेवी, राजनैतिक दल, पत्रकार, सुरक्षाकर्मी, गैरसरकारी संघसंस्था तथा सबै विकास प्रेमी महारजगंजवासी नागरिकहरूको रचनात्मक सहयोगको अपेक्षा गर्दछु।

**मितिः २०८३।०३।०९** **धन्यवाद ।**

**अब्दुल कलाम**
**नगर प्रमुख**